# सहकारीका सिध्दान्त सुशासन स्वनियमन र कानूनको परिपालना

## ऐतिहासिक पृष्ठभूमि

आधुनिक सहकारीको इतिहास सन् १८४४ को डिसेम्बर २१ का दिन वेलायतको म्यानचेष्टर सहरवाट सुरु भएको हो । औद्योगिक क्रान्ति पश्चात वेलायतको रोचडेल सहरमा बसोबास गर्ने कपडा कारखानामा काम गर्ने मजदुरहरुले मिल मालिक एंव पुंजिपतिहरुको चर्को शोषणका विरुद् २८ जना (जुलाहा) मजदुरहरुले एक–एक पाउण्ड जम्मागरी रोचडेल इक्विटेवल पायोनियर सोसाइटी उपभोक्ता पसल खोली सहकारीको शुरुवात गरिएका थिए । आधुनिक सहकारीको इतिहास सन् १८४४ को डिसेम्बर २१ का दिन वेलायतको म्यानचेष्टर सहरवाट सुरु भएको हो । औद्योगिक क्रान्ति पश्चात वेलायतको रोचडेल सहरमा बसोबास गर्ने कपडा कारखानामा काम गर्ने मजदुरहरुले मिल मालिक एंव पुंजिपतिहरुको चर्को शोषणका विरुद् २८ जना (जुलाहा) मजदुरहरुले एक–एक पाउण्ड जम्मागरी रोचडेल इक्विटेवल पायोनियर सोसाइटी उपभोक्ता पसल खोली सहकारीको शुरुवात गरिएका थिए ।वेलायतमा १७२ वर्ष अगाडि स्थापना भएको रोचडेल इक्विटेवल पायोनियर सोसाइटी नामक उपभोक्ता सहकारीको मर्म र भावनामा रही सन् १८५० जर्मनमा बचत तथा ऋण सहकारी सुरु भई क्रमश सन् १८६५ अमेरिका,सन् १८६६ मा इटली, सन् १८७० मा क्यानडा मा बचत तथा ऋण सहकारी संस्थाहरु स्थापना भएको देखिन्छ । त्यसै गरी सन् १८८६ माडेनमार्कमा दुग्ध सहकारी हुदै सन् १९०४ मा भारतमा र सन् १९१२ चीनमा कृषि सहकारी सस्थाहरु गठन भई क्रमश विश्वमा सहकारीको दायरा विस्तार भएको पाइन्छ ।

# सहकारी

**सहकारी**को साधारण अर्थले ***सहकार्य***, ***सहअस्तित्व***, ***समानकार्य*** वा ***सँग–सँगै*** गरिने कामलाई बुझाउँदछ। यसरी सँगसँगै मिलेर काम गरी आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउन गरिएको सामुहिक प्रयासलाई नै सहकारी भनिन्छ। प्राचिन सहकारीको सुरुवात पूर्वीय दर्शनबाट भएको हो। *अँचोपैँचो, अर्मपर्म, मर्दाको मलामी ज्यूँदाको जन्ती* जस्ता कुराहरू सहकारीकै रुप हुन्। आधुनिक सहकारीको सुरुवात भने सन् १८४४ मा बेलायतबाट भएको हो।

## सहकारीको परिचय

सहकारी भन्ने वित्तिकै समान आर्थिक स्तर, इच्छा, रुचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सिमा भित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरूले आपसि हितका निम्ती आर्थिक कारोवार गर्न स्थापित गरिएको संस्था भन्ने बुझिन्छ। नेपाली बृहत् शब्दकोशका अनुसार सहकारी संस्था भन्नाले किसान, मजदुर वा साना पूँजि भएका व्यवसायी वा उपभोक्ताहरूले साझा रूपमा मिलेर सबैको निम्ति उपभोग्य बस्तुको उत्पादन वा वितरण आदिको प्रवन्ध गर्ने र पूँजि तथा श्रम अनुसार मुनाफा बाँडिने एक संस्था भनिएको छ ।

## सहकारीको उद्देश्य

यसको मूलभूत उद्देश्य उनीहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउनु हो। सामुहिक रूपमा संगठित भएर सहकारीको सिद्धान्त, मूल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गरी आपसमा मितव्ययिता, स्वावलम्बन र पारस्परिक सहयोगको भावना अभिवृद्धि गर्नु पनि सहकारीको उद्देश्य रहेको छ। समाजमा व्याप्त गरीबी, व्यापारिक एकाधिकारजस्ता आर्थिक एवं सामाजिक विसंगतिहरूको अन्त्य गरी सहकारीताको माध्यमबाट समाजका निम्न आयवर्गीय गरीब जनसमुदायको जीवनस्तर उकास्न र उनीहरूलाई सामाजिक न्याय दिलाउनु सहकारीको मुख्य उद्देश्य रहेको छ। सहकारीको उद्देश्यलाई निम्न भागहरूमा बाड्न सकिन्छ :

---

## न्यायिक उद्देश्य

उपलब्ध साधन स्रोतलाई सीमित वर्ग वा व्यक्ति विशेषमा मात्र एकत्रित हुन नदिई सबै वर्ग र व्यक्तिहरमा समानरूपले आर्थिक उपलब्धिहरूको वितरण गरी सदस्यहरूलाई सामाजिक न्याय दिलाउनु सहकारीको प्रमुख न्यायिक उद्देश्य हो । यस्तो न्यायोचित धनको वितरणबाट समाजका कमजोर एवम् विपन्न वर्गको एकातिर आर्थिक उत्थान हुन्छ भने अर्कोतिर उनीहरूले सामाजिक न्याय र समानता पाउँछन्।

## आर्थिक उद्देश्य

सदस्यहरूलाई विभिन्न आयमूलक, सीपमूलक एवम् उत्पादनशील व्यवसाय सञ्चालन गर्ने रोजगारीका समान अवसरहरू प्रदान गरी उनीहरूको आर्थिक विकास गर्नु सहकरीको आर्थिक उद्देश्य हो। सहकारी संस्थाले आफ्ना सदयहरूको आर्थिक विकासका लागि विभिन्न आर्थिक योजना तथा कार्यक्रमहरू सञ्चालन गरी त्यसमा उनीहरूलाई सहभागी गराउने

गर्दछन्। कुनै पनि सदस्यलाई जात–जाति, धर्म, लिङ्ग, वर्णावर्ग, स्तर आदिको दृष्टिले भेदभाव नगरी समानरूपले आर्थिक कारोवार गर्ने, जस्तो (बचत गर्ने, ऋण लिने, नाफा प्राप्त गर्ने), व्यवसाय सञ्चालन गर्ने क्रियाकलाप स्वतन्त्ररूपले सञ्चालन गर्ने आर्थिक स्वतन्त्रता प्रदान गर्नु पनि सहकारीको प्रमुख आर्थिक उद्देश्य मानिन्छ।

## सामाजिक उद्देश्य

समाजमा व्याप्त गरीबी, बेरोजगारी, आर्थिक शोषण र अन्याय–अत्याचारको अन्त्य गरी एक आदर्श समाजको निर्माण गर्नु पर्ने हुन्छ । मानवीय सङ्गठन भएकोले यसले मानिसहरूमा सहयोग, एकता, इमान्दारी, स्वावलम्बन, सामाजिक दायित्वको भावना जस्ता मानवीय गुणहरूको विकास गर्दछ । समाजका पछडीएका महिला, दलित वर्ग वा व्यक्तिहरूलाई समेत आपसमा मिलेर बस्न, कुनै व्यवसाय गर्न र सहयोग गर्न प्रेरित गर्दछ । सहकारीले आफ्ना सदस्यहरूलाई सामुहिक रूपले कुनै पनि व्यवसाय गर्न मार्गदर्शन गर्ने हुनाले यसबाट समाजमा सामाजिक न्याय र समानताको वातवारण कायम हुन गई सामाजिक विकासको गतिलाई टेवा पुग्दछ।

## शैक्षिक उद्देश्य

आफ्ना सदस्यहरूको चेतना विकासका लागि सहकारी शिक्षा, तालिम र परामर्श दिनु यसको शैक्षिक उद्देश्य हो । सहकारीले आफ्ना आर्थिक कारोवारबाट बचत भएको रकमको केही अंश सहकारी तालिम, शिक्षा, परामर्श सेवा, सेमिनार, गोष्ठीजस्ता शैक्षिक क्रियाकलापमा खर्च गर्ने हुनाले एउटा शिक्षित समाजको निर्माण गर्दछ।

### सहकारीका सिध्दान्त

- स्वेच्छिक तथा खुल्ला सदस्यता
- सदस्यहरुको आर्थिक सहभागिता
- शिक्षा, तालिम र सूचना
- समुदाय प्रति चासो
- सदस्यहरुलाई प्रजातान्त्रिक नियन्त्रण
- स्वायतता र स्वतन्त्रता
- सहकारीहरु बीच पारस्परिक सहयोग

## सहकारीका विशेषताहरू

1. सहकारी समुदायले गर्ने व्यवसाय हो।
2. शेयर सदस्यहरू सहकारीको स्वामी र ग्राहक दुबै हुन्छन्।
3. सहकारीमा पूँजीको हैन सदस्यको महत्त्व हुन्छ।
4. सहकारीले वित्तीय विकासका साथै सामाजिक विकास र वातावरण संरक्षणको दायित्व पनि निर्वाह गरेको हुन्छ।
5. संस्थाका संस्थापक, संचालक तथा कर्मचारीहरू स्थानिय व्यक्ति नै हुन्छन् ।
6. संस्थाले विनियमका साथै विभिन्न नीति नियमहरू तयार गरी त्यसैका आधारमा संस्थाका कार्यहरू सञ्चालन गरिएका हुन्छन् ।
7. संस्थामा भएको रकमको निश्चित प्रतिशत संस्थामा तरलता राखि बाँकी रकम आफ्ना सदस्यहरूलाई नै ऋण लगानि गरिएको हुन्छ।
8. प्रजातान्त्रिक प्रणालिवाट चलेको तथा सहकारी भावना र सिद्धान्त बमोजिम अगाडि बढेको हुनपर्छ।
9. संस्था सस्तो लोकप्रियतावाट नभई बलियो सामाजिक आधार भएको हुनुपर्छ।
10. संस्थामा पर्याप्त शेयर पूँजि तथा अन्य कोष भएको हुनुपर्छ ।
11. नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र वचत सङ्कलन गर्ने र सदस्य भएको केही समय पछि सदस्य भित्रमात्र ऋण लगानि गर्नुपर्ने हुन्छ।

**नेपालमा सहकारीको विकास र वर्तमान अवस्था**

प्राचिनकाल देखि नै नेपालमा सहकारीताको विकास अैचोपैचो, गुठि, पर्म, ढिकुटी, धर्म भकारी आदि नामबाट सहकार्यको शुरुवात भएको पाईन्छ । नेपालमा वि.स. २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएको थियो । वि.सं.२०१३ चैत्र २० मा बखान सिंह गुरुङ्डको नेतृत्वमा चितवन जिल्लाको बखानपुरमा बखान ऋण समितिको रुपमा पहिलो सहकारी तत्कालीन सरकारको कार्यकारी आदेशमा गठन गरेको पाईन्छ । तत् पश्चात सोही वर्ष भित्र बखान ऋण समिति समेत गरी जम्मा १३ वटा प्रारम्भिक संस्थाहरु स्थापना भएका थिए ।

यसै सिलसिलामा संस्थागत कानूनी व्यवस्था गर्न २०१६ सालमा सहकारी संस्था ऐन २०१६ जारी गरी लागू गरियो । बि.स.२०१८ सालमा सहकारी संघ संस्था संचालन नियमावली २०१८ , २०१९ मा सहकारी प्रशिक्षण केन्द्र, २०२० सालमा सहकारी बैंकको स्थापना भएको पाईन्छ त्यसै गरी २०२४ सालमा कृषि विकास बैंक स्थापना सगै सहकारी बैकलाइ कृषि विकास बैकमा गाभि सहकारीको सम्पुर्ण ब्यवस्थापन कृषि विकास बेकलाइ दिइएको देखिन्छ । २०३७ सालमा सहकारीलाई साझा सहकारीको रुपमा परिवर्तन गरी संविधानमा समावेश गरियो । वि.सं. २०४१ सालमा साझा संस्था ऐन र २०४३ सालमा साझा संस्था नियमावली, २०४३ जारी भयो । प्रजातन्त्रको पुर्नरवाहली पश्चात २०४८ सालमा सहकारी ऐन २०४८ र २०४९ मा सहकारी नियामावली सरकारद्धारा जारी गरयो । २०५० साल असाढ ६ गते नेपालको सहकारी आन्दोलनको शिर्षस्थ निकाय राष्टिय सहकारी संघ स्थापना , बि.सं. २०६१ मा सहकारी विभाग र अन्तर्गतका कार्यालयहरुको पुनः संरचना, राष्ट्रिय सहकारी नीति जारी भयो । त्यसै गरी सहकारी

नियमनको लागि वि.स. २०६८ वैशाख १ गते सहकारी अनुगमन तथा नियमनको मापदण्ड सरकारले जारी गरेको छ भने वि.स. २०६९ जेष्ठ ५ मा छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना र २०६९ फागुनमा राष्ट्रिय सहकारी नीति जारी भएको छ ।

हाल देशभरी तीस हजार भन्दा बढी सहकारी संघ संस्थाहरु गठनभएकोमा राष्ट्रिय सहकारी संघ १, विषयगत केन्द्रिय सहकारी संघ २०, राष्ट्रिय सहकारी बैंक १, जिल्ला सहकारी संघहरु ६९, विषयगत जिल्ला संघहरु २१२ गठन भई कार्यरत रहेका छन् । नेपालको संविधान २०७२ मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र बिकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको छ । संविधानको भाग–४ मा "राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा सार्वजनिक, नीति र सहकारी क्षेत्रको सहभागिता तथा बिकास मार्फत उपलब्ध श्रोत साधनको अधिकतम परिचालनद्धारा आर्थिक वृद्धि हासिल गर्दै दिगो बिकास गर्ने तथा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निमार्ण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशिल बनाउदै समाजको निमार्ण गर्न राष्ट्रिय अर्थतन्त्रको बिकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ" भन्ने उल्लेख भएको छ । यसरी देशको आर्थिक बिकासको आधार स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रलाई आत्मसात गर्दै तीन खम्बे आर्थिक नीति संविधानमा अंगिकार हुनुले हाम्रो देशमा सहकारी क्षेत्रको महत्वलाई उजागर गरेको छ ।

**सहकारी ऐन, २०७४**

**प्रस्तावना** : सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मूख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

## सहकारी संस्थामा सुशासन

- सहकारी संस्था सदस्यहरुको चाहना, हित र आवश्यक्ता अनुसार सञ्चालित हुनु
- सदस्यलाई केन्द्रविन्दुमा राखी संस्था सञ्चालन गर्नु
- सुशासनका आधारभूत तत्वहरु सहकारी संस्थामा प्रत्याभूत गर्नु

- संस्थाको कारण सदस्यको जीवनका बहुपक्षहरुमा गुणात्मक परिवर्तन, संस्थाप्रति सदस्य पूर्ण रुपमा सन्तुष्ट भएको , सदस्यले मेरो आवाज सुनिन्छ र सम्वोधन गरिन्छ भन्ने कुरामा विश्वास गर्न सकेको अवस्था

**सहकारी संस्थामा सुशासन कायम गर्नको लागि भएका केही व्यवस्थाहरुः**

- सर्वाधिकार सम्पन्न साधरण सभा
- लेखापरिक्षण प्रतिवेदन र वार्षिक कार्यक्रम साधरण सभावाट पारित गर्नुपर्ने व्यवस्था
- Watch dog को रुपमा लेखा समिति
- आवाधिक निर्वाचन
- उत्तरदायित्व श्रृङ्खलाको व्यवस्था
- एक व्यक्ति एक मत
- गणपुरक संख्याको निर्धारण
- वार्षिक, विशेष साधरण सभाद्रारा सञ्चालक समितिको सवै टिम वा कुने पदाधिकारीलाई हटाउन सक्ने व्यवस्था आदि
- सहकारीको मर्म, मूल्य, मान्यता र सिद्दान्तलाई आत्मसात गरी सहकारी संस्था सञ्चालन गर्ने ।
- सदस्यहरुमा चेतना बृद्धी गरी सहभागिता बढाउने
- प्रचलित कानूनको परिपालना गरी विधिको शासन चलाउने
- सूचना माग्ने र दिने सँस्कारको विकास गर्ने
- साधरण सभालाई कम औपचारिक बढि उद्देश्य केन्द्रीत गर्ने

- उत्तरदायित्व श्रृङ्खलाको कार्यान्वयन गर्ने
- सवै समिति उपसमितिहरुलाई समावेशी बनाउने
- वार्षिक प्रतिवेदनहरु प्रकाशन र सार्वजनिक गर्ने
- आन्तरिक नियन्त्रण प्रणालीलाई सवल बनाउने
- जसरीपनी मूनाफा कमाउने प्रवृतिको अन्त्य गर्ने
- निशपक्ष निर्वाचनको सुनिश्चितता र त्यसको लागि उचित वातावरणको निर्माण गर्ने
- सदस्यको आवज सुन्नेमात्र नभएर त्यसको सम्वोधनको सुनिश्चितता गर्ने
- दण्ड पुरस्कारको व्यवस्था गर्ने ।

**स्वनियमन**

- कानूनको परिपालना
- सुशासनको अवधारणाको प्रयोग
- आन्तरिक नियन्त्रण प्रणाली
- पारदर्शिता
- आचार संहिता
- सूचनाको प्रकाशन र वितरण
- लेखापरीक्षण सामाजिक लेखा परीक्षण